# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७ संख्याः ४ मितिः २०८१/०३/२५

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको ऐन नं. ४**

# गौमुखी गाउँपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०८१

**गाउँ सभाबाट स्वीकृत मितिः २०८१।०३।२३**

प्रस्तावना : गौमुखी गाउँपालिका भित्रको भु सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगवाट हुने वातावरणिय एवं अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले ,नेपालको संविधानको अनुसुचि ८ को ११ र १९ तथा अनुसुचि ९ को ५ बमोजिमको कार्य गर्ने गरि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ को खण्ड “ध” र उपदफा ४ को “ग” मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी गौमुखी गाउँपालिकाले“जलस्रोत व्यवस्थापन ऐन २०८१ **गौमुखी** गाउँ सभाले यो ऐन बनाएको छ।

परिच्छेद- १

**प्रारम्भिक १. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नाम “ गौमुखी गाउँपालिकाको “जलस्रोत व्यवस्थापन ऐन २०८१” रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित गरेपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “ऐन” भन्नाले गौमुखी गाँउपालिकाको “ जलस्रोत व्यवस्थापन ऐन २०८० ” लाई सम्झनु पर्छ।

(ख)“कार्यपालिका” भन्नाले गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ग)“गाँउपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गौमुखी गाउँपालिका सम्झनु पर्छ।

(घ)“अध्यक्ष” भन्नाले गौमुखी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) “उपाध्यक्ष” भन्नाले गौमुखी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(च) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गौमुखी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

(छ)“जलस्रोत व्यवस्थापन समिति” भन्नाले यस गौमुखी गाउँपालिका स्तरिय सम्पूर्ण खानेपानी तथा सरसफाइ आयोजना, सिचाई आयोजना र लघु जलविद्युत आयोजनाहरुको सञ्चालन गर्न,मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सिचाई उपभोक्ता समिति र लघु जलविद्युत उपभोक्ता समितिलाई दर्ता गर्न, महसुल निर्धारण गर्न, आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, दण्डजरिवाना गर्न अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तरगत गठन गरिने “जलस्रोत व्यवस्थापन समिति” लाई जनाउँछ।

(ज)“खानेपानी” भन्नाले राट्रिष्य खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार तोकएिको मापदण्डहरु मध्ये न्युनतम मापदण्ड पुरा भई स्वच्छ पिउने योग्य पानी लाई सम्झनुपर्छ।

(झ)“खानेपानी उपभोक्ता समिति” भन्नाले विधान अनुसार गठन भई यस ऐनको दफा १२ बमोजिम गठीत भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्छ।

(ञ) “ खानेपानी उपभोक्ता” भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

(ट)“धारा” भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त गाउँपालिका, सहयोगी निकाय उपभोक्ता समितिले कुनै व्यक्ति, संस्था वा निकायका नाममा जडान गरिदिएको धारा सम्झनु पर्दछ।

(ठ) “महसुल” भन्नाले निजि धारा बाट उपभोक्ताले पानी प्रयोग गरे वापत उक्त खानेपानी संस्थालाई बुझाउनु पर्ने खानेपानी महसुल सम्झनु पर्छ।

(ड)“मिटर” भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाइप लाइनमा जडान गरिने पानी मिटर लाई सम्झनु पर्छ।

(ढ) " मर्मत सम्भार कार्यकर्ता” भन्नाले योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त हेरालु तथा मर्मत संभार कार्यकर्तालाई जनाउँछ।

(ण) “पानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ।

(त) सिचाई : "सिंचाई” भन्नाले कृषिजन्य उपयोगको लागि विभिन्न संरचनाबाटकृत्रिम तरिकाले जग्गा जमिनमा पानी पूऱ्याउने प्रक्रियालाई सम्झनू पर्छ।

(थ) सिंचाई उपभोक्ता : भन्नाले सिंचित सिंचाई क्षेत्रभित्र वरोवास गरी योजना निर्माणमा योगदान गरी सिंचाई उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि सिंचाई उपभोक्ता समितिको निर्णय वमोजिमको काम पुरा गरी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

(द) विघुत :भन्नाले पानी, डिजेल, कोइला वा अन्य कुनै प्रविधिबाट उत्पादन गरिने विद्युत शक्तिलाई सम्झनु पर्छ

(ध) जलविद्युत उपभोक्ता समिति : भन्नाले साना जलविद्युत सेवा क्षेत्रमा विद्युत पुऱ्याउनको निम्ती गठित भई यस ऐनको दफा १० बमोजिम दता भएका उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

(न) जलविद्युत उपभोक्ता अथवा ग्राहक : भन्नाले विद्युत योजना निर्माणमा योगदान गरी विद्युत उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिमको काम पुरा गरी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

( प ) विद्युत महशुल : भन्नाले विद्युत उपभोक्ता समितिले विद्युत उपलब्ध गराए वापत ग्राहकबाट लिइने विद्युत महशुल सम्झनु पर्छ।

(फ) " सिंचित सिचाई क्षेत्र" भन्नाले पुर्व, पश्चिम र उत्तर, दक्षिण गरी चार किल्लाभित्र रहेको निश्चित विगाहा/हेक्टर/रोपनी क्षेत्रफल भएको जग्गाको सिंचाई प्रणालीलाई सम्झनु पर्दछ।

(ब) "सिंचाई उपभोक्ता समिति" भन्नाले सिंचित सिंचाई क्षेत्रमा पानी पुऱ्याउनको निम्ती गठित भई यस ऐनको दफा १२ बमोजिम दता भएको उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

(भ) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(म)"आमभेला" उपभोग गर्ने योजनावाट लाभान्वित हुने कुल घरधुरी संख्याको कम्तिमा ६७% (दुई तिहाई ) घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ।

(य)"तालिम" भन्नाले यस ऐनको दफा १२ अनुसार दर्ता भएका उपभोक्ता समिति र मर्मत संभार कार्यकर्तालाई छुटाछुटै गरी तिन चरणमा क्षमता अभिवृद्धिका लागी दिइने तालिमलाई जनाउंछ।

(र)" दर्ता भएको" भन्नाले यस गाउँपालिकाको जलस्रोत समितिको कार्यालयमा दर्ता भएकोलाई जनाउँछ। (ल) "जलस्रोत भन्नाले गौमुखी गाउँपालिका भित्रको भु सतह ( मुहान, खोला - खोल्सा, नदि तालतलैया,हिमनदि)वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(व) "अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था" भन्नाले जलस्रोतको उपयोग गर्न गौमुखी गाउँपालिकावाट पारित जलस्रोत व्यवस्थापन ऐनको दफा १२ र अनुसुचि २ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ।

(श) " उपभोक्ता संस्था " भन्नाले दफा १२ वमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ

(ष) "सेवा शुल्क भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्वन्धीत सेवा उपयोग गरे वापत उपभोक्ताले वुझाउनु पर्ने शुल्क सम्झनुपर्छ।

**खण्ड-क परिच्छेद २**

जलस्रोतको उयोग सम्वन्धी व्यवस्था

३. जलस्रोतको उपयोग :

(१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हालसम्म कुनै किसिमको प्रयोगमा नआएको अवस्था भएमा र भविश्यमा पनि प्रयोग आउने अवस्था नरहेमा देहाय वमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन।

(क) आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागी उपयोग गर्न,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलस्रोत तोकिए वमोजिम उपयोग गर्न

४. जल उपभोक्ता संस्थाको गठन:

(१) सामुहिक लाभको लागी संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए वमोजिम जल उपभोक्ता संस्था वा समिति गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम गठन जल उपभोक्ता समिति गठन गर्दा गौमुखी गाउँपालिकाको प्रतिनिधि अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ।

**परिच्छेद ३**

५. उपभोक्ता समिति दर्ता गर्नु पर्ने :

स्थानीय स्तरमा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई, संचित सिंचाई र जलविद्युतको काम गर्दा र अन्य घरेलु प्रयोगको लागि अन्य कुनै काम गर्दा उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ। यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन।

६. “ जलस्रोत व्यवस्थापन समिति" :

यस गौमुखी गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ आयोजना, सिचाई आयोजना र लघु जलविद्युत योजनाहरुको सञ्चालन गर्न, मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सिचाई उपभोक्ता समिति र लघु जलविद्युत उपभोक्ता समितिलाई दर्ता गर्न, महसुल निर्धारण गर्न, आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, दण्डजरिवाना गर्न, अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अर्न्तगत जलस्रोत व्यवस्थापन समिति गठन गर्न सकिर्नेछ। जुन निम्नानुसार जलस्रोत व्यवस्थापन समिति गठिन हुर्नेछ।

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) गाउँकार्यपालिकाले तोकेको १ जना कार्यपालिका महिला सदस्य | सदस्य |
| ४) खानेपानी तथा जलस्रोत सम्बन्धी काम गर्ने कर्मचारी १ जना | सदस्य |
| ५) प्रमुख प्रशासकीय अधिकत | सदस्य सचिव |

जलस्रोत व्यवस्थापन समितिले आफैले निर्धारण गरे वमोजिम हुनेछ।

७.जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-

यस गौमुखी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ आयोजना, सिचाई आयोजना र लघु जलविद्युत आयोजनाहरुको सञ्चालन गर्न, मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सिचाई उपभोक्ता समिति र लघु जलविद्युत उपभोक्ता समितिलाई दर्ता गर्न, महसुल निर्धारण गर्न, आयोजना व्यवस्थापन गर्न, निरिक्षण गर्न, दण्ड जरिवाना गर्न, अवलोकन तथा मर्मत सम्भार

व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गठित जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ।

क) जलस्रोत व्यवस्थापन समितिको सचिवालय स्थापना गरी सञ्चालनमा ल्याउने,

ख) गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाइ आयोजना,, सिचाई आयोजना र लघु जलविद्युत योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्ने,

ग) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने, गराउने।

घ) सिंचाई उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने, गराउने।

ङ) जलविद्युत उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने, गराउने ।

च) अनुगमन तथा मूल्याङ्गन पद्धति स्थापना गरी आवधिक रुपमा जलस्रोत सम्बन्धीका (खानेपानी तथा सरसफाइ, सिंचाई र लघुजल विद्युत योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र गर्न लगाउने ।

छ) गाउँपालिका स्तरमा सञ्चालन जलस्रोत सम्बन्धीका (खानेपानी तथा सरसफाइ, सिंचाई र लघुजल विद्युत उपभोक्ता समितिलाई आ-आफ्नो आयोजनामा मर्मत सम्भार कोष स्थापना गर्न लगाउने र कोष बृद्धि गराउन पहल गर्ने साथै कोष वृद्धिमा उत्कृष्ट हुनेलाई आयोजनाको प्रकृति हेरी बेग्लाबेग्लै तरिकाले प्रोत्साहित गने ।

ज) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने ।

झ) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सो को अनुगमन गर्ने ।

ञ) सिंचाई योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सो को अनुगमन गर्ने ।

ट) योजनाको सञ्चालन तथा मर्मतसम्भार व्यवस्थापन सम्बन्धि वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने ।

ठ) खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई क्षमताअभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने । ड) सिंचाई उपभोक्ता समितिहरुलाई क्षमताअभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

ढ) लघु जलविद्युत उपभोक्ता समितिहरुलाई क्षमताअभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

ण) गाउँपालिका क्षेत्रमा जलस्रोत व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो को मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति र जलविद्युत उपभोक्ता समिति दर्ता गराउने । त्यस्ता उपभोक्ता समिति दर्ताका लागी माग भई आएमा त्यस्ता माग भई आएका उपभोक्ता समिति / संस्था वा व्यक्तिलाई माग गरेको मितिले १५ दिन भित्र माग भए पछि सो अनुसारको समितिले

मुल सहित आधिकारिक उपभोक्ता समिति वा संस्था दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको आधिकारिक उपभोक्ता समिति वा संस्था दर्ता गरि जलस्रोतको दर्ता प्रमाणपत्र दिने ।

(त) जलस्रोत उपयोग र सर्वेक्षण सम्वन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

(थ) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी गौमुखी  गाउँपालिका समक्ष पेश गर्ने ।

(द) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परमंपरा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने।

(ध) खण्ड (द) बमोजिम जाँच गर्दा वा गराउदा तोकिएको शर्त वमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(न) जलस्रोत व्यवस्थापन समितिले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. उपभोक्ता समिति / संस्था दर्ता सम्बन्धी व्यवस्था :**

मुल सहित आधिकारिक उपभोक्ता समिति दर्ता गर्नका लागि कार्यालयमा निवेदन परेपछि उक्त निवेदन उपर जलस्रोत व्यवस्थापन समितिले निम्नानुसार प्राथमिकताका आधारमा जाँचबुझ गरी मुहान सहित आधिकारिक उपभोक्ता समिति दर्ता गर्न सक्नेछ ।

- खानेपानी तथा घरेलु उपयोग
- सिंचाई
- पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग
- जलविद्युत
- घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग ।
- जल यातायात,
- अन्य

(२) जलस्प्रेतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा ६ वमोजिम गठित समितिले दफा ८ वमोजिम उल्लेखित प्राथमिकता क्रमका आधारमा उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जांचवुझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमवाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्वन्धीत सवैलाई मान्य हुनेछ ।

## परिच्छेद- ४
## जलस्रोतको उपयोग वा विकास सम्बन्धी

९. गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने :

(१) गौमुखी  गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न चाँहेमा यस ऐनको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन वमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धीत जग्गा भवन उपकरण,तथा संरचना सार्वजानिक उपयोगका लागी गौमुखी  गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्वन्धीत जग्गा, भवन, उपकरण, वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई जलस्रोत व्यवस्थापन समितिको निर्णयले तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) उपदफा १,२ र ३ बाहेक संङघिय सरकार, प्रदेश सरकार यस गाउँपालिकाले र अन्य कुनै संघ संस्थाले यस गाउँपालिकामा उपभोक्ता समिति मार्फत खानेपानी तथा सरसफाई, सिंचाई र जलविद्युत निर्माणका आयोजना निर्माण गर्न लागेमा सो उपभोक्ता समितिले मुहान सहित आधिकारिक उपभोक्ता समिति गौमुखी गाउँपालिकाको जलस्रोत समितिमा अनिवार्य दर्ता गराउनु पर्नेछ । दर्ता नगराई काम थालनी गरेमा यस कार्यविधिको दण्डजरिवाना अनुसार कार्वाही हुर्नेछ ।

(५) गौमुखी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना वनाई लागु गर्न सक्नेछ ।

१०. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :

(१) गौमुखी गाउँपालिकाले दफा ९ वमोजिम उपदफा (१) र (२) वमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यकता हेरी आवस्यक शर्तहरुका आधारमा हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धित उपभोक्ता संस्थाको हुनेछ र यस कार्यविधिको अधिनमा रहि आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

११. जलस्रोतको उपयोगको लागी करार गर्न सक्ने : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि गौमुखी गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करारमा उल्लेखित शर्तहरु वमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

## परिच्छेद-५

## अनुमतिपत्र सम्वन्धी व्यवस्था

१२.जलस्रोत उपभोक्ता समिति / मुल दर्ता गर्नुपर्ने :-

(१) गौमुखी गाउँपालिका क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) तथा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नका लागि गाउँपालिका समक्ष अनुसूची १ बमोजिम दरखास्त पेश गर्नु पर्नेछ । दरखास्त पेश भए पछि समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिको निर्णयानुसार अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(२) गौमुखी गाउँपालिका क्षेत्रमा सिंचाई र जलविद्युत आयोजना निर्माण गर्न चाहेमा त्यसको उत्पादनको मुख्य श्रोत खोला वा नदि हुने भएकोले सो बाट संकलन गरी आयोजना व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो खोला वा नदिको निश्चित चारकिल्ला चित्र पर्ने भाग सहित आधिकारिक सिंचाई तथा जलविद्युत उपभोक्ता समिति दर्ता गर्नका लागी गाउँपालिका समक्ष अनुसूची १ बमोजिम दरखास्त पेश गर्नु पर्नेछ । दरखास्त पेश भए पछि समितिले उक्त खोला वा नदिको निश्चित चारकिल्ला भित्रको मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिको निर्णयानुसार अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम समिति दर्ता गर्न चाहने कुनै समिति वा संस्थाले कम्तीमा ७ जना देखि ११ जना सम्मको समितिका व्यक्तिहरु भएको र समितिको दुई प्रति विधान र तोकिएको दस्तुरसहित गाउँपालिका अध्यक्ष समक्ष निवेदन पेश गर्नुपर्नेछ। उक्त उपभोक्ता समिति गाउँपालिका स्तरिय जलस्रोत समितिको सचिवालयमा दर्ता भई सकेपछि मात्र उपभोक्ता समितिले आफ्नो कामकाज अगाडी बढाउन पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएका उपभोक्ता समिति वा संस्थाको समय अवधी प्रत्येक आर्थिक वर्षको मसान्त सम्ममात्र हुनेछ। संस्थाको समय अवधी समाप्त भएमा अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम संस्थाको समय अवधी समाप्त भएको मितिले बढिमा ९० दिन भित्र अनिवार्य रुपमा संस्था नविकरण गर्नुपर्नेछ। उक्त अवधिभित्र दर्ता गर्न नआएमा अनुसूची २ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ।

(६) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गौमुखी गाउँपालिकावाट अनिवार्य रुपमा पुर्व स्वीकृती लिनु पर्नेछ।

१३. अनुमतिपत्र खारेज गर्न सकिने : (१) व्यक्तिगत प्रयोजनको लागी लिएको अनुमतिपत्र प्राप्त व्यक्तिले यो कार्यविधि अर्न्तगत वनेको नियम विपरित कुनै काम गरेमा दफा ४ वमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्वन्धीत अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

**खण्ड - ख परिच्छेद-६**

**खानेपानी तथा सरसफाई उपभोक्ता सम्बन्धी**

१४. "धारा" : खानेपानी आयोजना निर्माण गर्दा एक घर एक धाराको अवधारणा अनुसार काम गर्नुपर्नेछ र सोहि अवधारणा अनुसार धारा जडान गर्दा निजी धारा वितरणमा लाग्ने फिटिङ(फेरुल, पानी मिटर र स्याडल आदी) लगायतका फिटिङ अनिवार्य रुपमा जडान गर्नुपर्नेछ। उक्त खानेपानी आयोजना धारा निर्माण गर्दा खानेपानी उपभोक्ता समिति आफुले गरेको निर्णय अनुसार आफ्ना उपभोक्ताहरुलाई प्रत्येक घरधुरीमा धाराको साइजको न्युनतम मापदण्ड तोकी सोहि साइज नघट्ने गरी धारा बनाउन लगाउनु पर्दछ। सोही तोकीएको धाराको साइजको न्युनतम मापदण्ड नक्सा गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ।

१५."महसुल" : खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजना सम्पन्न गरे लगतै र पानी कर उठाउनु भन्दा पहिले नै अनिवार्य रुपमा खानेपानी महसुल निर्धारण गर्नुपर्नेछ। उक्त महसुल निर्धारण गर्नुपूर्व जलस्रोत व्यवस्थापन समितिको परामर्श लिनु पर्नेछ, समितिले दिएको परामर्श तथा निर्देशन गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ।

१६. " मर्मत सम्भार कार्ययोजना": खानेपानी उपभोक्ता समितिले आफ्नो उपभोक्ता समितिको कार्यालयमा मर्मत संभार कार्ययोजना बनाई अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ। सोको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

१७. " पानी सुरक्षा योजना" : खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजनामा खानेपानी सुरक्षा टोली गठन गरी सोको कार्ययोजना बनाई सोही अनुसार काम गर्नुपर्नेछ। उक्त खानेपानी सुरक्षा टोली गठनको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

१८."आमभेला" : खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% ( दुई तिहाई ) घरहरुवाट प्रतिनिधित्व गराई खानेपानी उपभोक्ता समितिले प्रत्येक बर्षमा कम्तीम बर्षको एक पटक साधारण सभा तथा आम भेला गर्नुपर्नेछ। सो आमभेला गर्नुपुर्व गाउँपालिकालाई अनिवार्य रुपमा जानकारी दिनुपर्नेछ। सो जानकारी पाए पछि गाउँपालिकाबाट एक जना जनप्रतिनिधि

र एक जना कर्मचारी पठाइनेछ।

१९."तालिम" :(१) खानेपानी आयोजना निर्माण पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त खानेपानी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु, कर्मचारी तथा मर्मत संभार कार्यकर्तालाई अनिवार्य रुपमा तालिमको व्यवस्था गर्नुपर्नेछ। सो तालिमको तालिम निर्देशिका गाउँपालिकाले तयार गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको तालिमको प्रत्येक वर्षमा समिक्षा गर्नुपर्नेछ।

(३) उपनियम १ र २ बमोजिमको तालिमको आयोजना सम्बन्धीत उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ। सो तालिमका लागि प्रशिक्षक आवश्यक भएमा गाउँपालिका संग माग गर्न सक्नेछन।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्वन्धीत अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

खण्ड - ख परिच्छेद-६

खानेपानी तथा सरसफाई उपभोक्ता सम्बन्धी

१४. "धारा" : खानेपानी आयोजना निर्माण गर्दा एक घर एक धाराको अवधारणा अनुसार काम गर्नुपर्नेछ र सोहि अवधारणा अनुसार धारा जडान गर्दा निजी धारा वितरणमा लाग्ने फिटिङ (फेरुल, पानी मिटर र स्याडल आदी) लगायतका फिटिङ अनिवार्य रुपमा जडान गर्नुपर्नेछ। उक्त खानेपानी आयोजना धारा निर्माण गर्दा खानेपानी उपभोक्ता समिति आफुले गरेको निर्णय अनुसार आफ्ना उपभोक्ताहरुलाई प्रत्येक घरधुरीमा धाराको साइजको न्युनतम मापदण्ड तोकी सोहि साइज नघट्ने गरी धारा बनाउन लगाउनु पर्दछ। सोही तोकीएको धाराको साइजको न्युनतम मापदण्ड नक्सा गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ।

१५."महसुल" : खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजना सम्पन्न गरे लगतै र पानी कर उठाउनु भन्दा पहिले नै अनिवार्य रुपमा खानेपानी महसुल निर्धारण गर्नुपर्नेछ। उक्त महसुल निर्धारण गर्नुपूर्व जलस्रोत व्यवस्थापन समितिको परामर्श लिनु पर्नेछ, समितिले दिएको परामर्श तथा निर्देशन गर्नु उपभोक्ता समितिको कर्तव्य हुनेछ।

१६. " मर्मत सम्भार कार्ययोजना": खानेपानी उपभोक्ता समितिले आफ्नो उपभोक्ता समितिको कार्यालयमा मर्मत संभार कार्ययोजना बनाई अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ। सोको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

१७. " पानी सुरक्षा योजना" : खानेपानी उपभोक्ता समितिले आफ्नो आयोजनामा खानेपानी सुरक्षा टोली गठन गरी सोको कार्ययोजना बनाई सोही अनुसार काम गर्नुपर्नेछ। उक्त खानेपानी सुरक्षा टोली गठनको एक प्रति गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

१८."आमभेला" : खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% ( दुई तिहाई ) घरहरुवाट प्रतिनिधित्व गराई खानेपानी उपभोक्ता समितिले प्रत्येक बर्षमा कम्तीम बर्षको एक पटक साधारण सभा तथा आम भेला गर्नुपर्नेछ। सो आमभेला गर्नुपुर्व गाउँपालिकालाई अनिवार्य रुपमा जानकारी दिनुपर्नेछ। सो जानकारी पाए पछि गाउँपालिकाबाट एक जना जनप्रतिनिधि र एक जना कर्मचारी पठाइनेछ।

१९."तालिम" :(१) खानेपानी आयोजना निर्माण पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त खानेपानी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु, कर्मचारी तथा मर्मत संभार कार्यकर्तालाई अनिवार्य रुपमा तालिमको व्यवस्था गर्नुपर्नेछ। सो तालिमको तालिम निर्देशिका गाउँपालिकाले तयार गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको तालिमको प्रत्येक वर्षमा समिक्षा गर्नुपर्नेछ।

(३) उपनियम १ र २ बमोजिमको तालिमको आयोजना सम्बन्धीत उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ । सो तालिमका लागि प्रशिक्षक आवश्यक भएमा गाउँपालिका संग माग गर्न सक्नेछन ।

(४) उपदफा १ बमोजिको तालिम संचालन गर्दा तालिममा सहभागीहरुले खाजा नास्ता र स्टेशनरी खर्च बाहेक अरु कुनै किसिमको भत्ता सेवा सुविधा उपलब्ध हुने छैन ।

**परिच्छेद - ७**

२०.उपभोक्ता समितिको विधानमा खुलाउनु पर्ने विवरणहरु : नियम १२ बमोजिम मुहान सहित आधिकारिक उपभोक्ता समिति दर्ता गर्नका लागी पेश गर्नु पर्ने खानेपानीतथा सरसफाई उपभोक्ता समितिको विधानमा देहायका विवरणहरु अनिवार्य खुलाउन पर्नेछ :

(क) पूरा नाम, ठेगाना र संस्थाको छाप

(ख) उद्देश्य तथा कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निष्काशन राजिनामा

(ङ) हक दावी नामासारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(ञ) कोष र लेखापरिक्षण

(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी

(ठ) दण्ड जरिवाना सम्बन्धी

(ड) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम

(ढ) विधान संशोधन

(ण) विघटन

(त) विविध

२१.उपभोक्ताले सेवा शुल्क बुझाउनु पर्ने : जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे बापत निर्धारित सेवा शुल्क आफ्नो उपभोक्ता संस्थालाई बुझाउनु निजहरुको दायित्व हुनेछ ।

२२. उपभोक्ता समितिले सेवा शुल्क तथा महशुल निर्धारण गर्न सक्ने : (१) गौमुखी गाउँपालिका भित्र संघ, प्रदेश र स्थानिय तह र सहयोगी निकायहरुले विकास गरेका सम्पूर्ण योजनाहरुमा जलस्रोत उपयोग गरेवापतको सेवा शुल्क, दररेट निर्धारण गर्दा उपभोक्ताले तिर्नु पर्ने अतिरिक्त सेवा शुल्क, महशुल तथा अन्य विविध शुल्क निर्धारण गर्दा जलस्रोत व्यवस्थापन समितिले खटाएको व्यक्तिको रोहवरमा गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले उपनियम १ बमोजिम उठने रकमको संचालनका लागि व्यवसायिक कार्ययोजना बनाइ समितिबाट पारित गर्नुपर्नेछ ।

(३) उपनियम २ बमोजिम व्यवसायिक कार्ययोजना बनाउँदा योजना संचालन खर्च बाहेकको सम्पूर्ण रकम अनिवार्य रुपमा मर्मत सम्भार कोष बनाइ बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्नेछ।

२३. समितिको विघटन र त्यसको परिणाम :

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंस समिति विघटन भएमा अथवा खानेपानी उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्घ बनाएमा, नेपाल सरकारको खानेपानी ऐन २०५०, खानेपानी नियामावली २०५५, खानेपानी बोर्ड ऐन २०६३ र यस गौमुखी गाँउपालिकाको जलस्रोत व्यवस्थापन ऐन २०८० " अनुसार काम नगरेमा गाउँपालिकाले जुनसुकै बेला पनि उक्त समिति विघटन गर्न सर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म नियम अनुसार त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

२४.संघ गठन गर्न सकिने:- दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्ये बाट एक उपभोक्ता समितिलाई एक सदस्य

मानी गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख समन्वय र मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरु लाई व्यवस्थीत रुपमा संचालन गर्न सकिनेछ।

२५. परिभाषा

**खण्ड - ग**

परिच्छेद-८

सिंचाई उपभोक्ता सम्बन्धी

**२५. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(छ) "कुलो" भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा कुनै नहरबाट वा सानो मुहानबाट निस्कने र ४ हेक्टर भन्दा माथि ३० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको कुलोलाई सम्झनु पर्छ।

(ज) "कुलेसो" भन्नाले मूल वा शाखा वा उपशाखा वा प्रशाखा नहरहरु वा कुनै कुलोबाट निस्कने र ४ हेक्टर भित्रका प्रत्येक खेतमा पानी पुर्‍याउने कुलेसोलाई सम्झनु पर्छ।

(झ) " बृहत आयोजना / प्रणाली" भन्नाले गौमुखी गाउँपालिकाको हकमा १००० हेक्टर भन्दा बढी सिंचाइ क्षेत्र भएको आयोजना / प्रणाली सम्झनु पर्छ।

(ञ) "ठूला आयोजना / प्रणाली" भन्नाले गौमुखी गाउँपालिकाको हकमा ५०० देखि १००० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको आयोजना / प्रणाली सम्झनु पर्छ।

(ट) " मझौला आयोजना / प्रणाली" भन्नाले गौमुखी गाउँपालिकाका ो हकमा २५ देखि ५०० हेक्टरसम्म सिंचाइ क्षेत्र भएको सिंचाइ आयोजना / प्रणाली सम्झनु पर्छ।

(ठ) "साना आयोजना / प्रणाली" भन्नाले गौमुखी गाउँपालिकाको हकमा २५ हेक्टर भन्दा कम सिंचाई क्षेत्र भएको आयोजना/प्रणाली सम्झनु पर्छ।

(ड) " परम्परागत सिंचाइ प्रणाली" भन्नाले किसानद्वारा निर्मित एवं सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई कुलो / नहरद्वारा सिंचाइ गर्ने, सिंचाइ गर्ने प्रणालीलाई सम्झनु पर्छ । र त्यस्ता सिंचाई उपभोक्ता समितिले लाफ्नै लगानी गर्नेछन

(ढ) "नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली" भन्नाले सिंचाइको प्रयोजनार्थ पानी संकलन, प्रवाहीकरण भण्डारण, वितरण तथा प्रयोग मध्ये एक, केही वा सबै कार्यमा परम्परागत भन्दा पृथक प्रविधि प्रयोग हुने सिंचाइ प्रणालीलाई संझनु पर्दछ ।

(ण) " लिफ्ट सिंचाइ प्रणाली" भन्नाले सिंचाइ गर्नुपर्ने क्षेत्र भन्दा कम उँचाइमा रहेको पानीको स्रोतबाट बिद्युतीय वा अन्य उर्जाको उपयोग गरी सिंचाइ गर्नुपर्ने कृषि भूमिमा पानी पुऱ्याउने योजनालाई संझनु पर्दछ ।

(द) "उपभोक्ता संस्था" भन्नाले प्रणाली निर्माण तथा संचालन गर्ने उद्देश्यले गठन भई प्रचलित कानून बमोजिम यस गाउँपालिकामा दर्ता भइ नवीकरण भएका जल उपभोक्ता संस्था सम्झनु पर्छ र यस शब्दले त्यस्ता उपभोक्ता संस्थाको सबै तह समेतलाई जनाउँछ ।

(प) " मर्मत संभार" भन्नाले सिंचाइ प्रणालीहरुको नियमित र आकस्मिक मर्मत संभार गर्ने कार्य सम्झनु पर्छ ।

(२६)**."तालिम"** :यदि सिंचाई आयोजना निर्माण पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु, सिंचाई मर्मत संभार कार्यकर्तालाई तालिमको परेमा उपभोक्ता समितिको माग अनुसार तालिमको व्यवस्था गरिनेछ । उक्त तालिम संचालन गर्दा गौमुखी गाउँपालिकाको खानेपानी र कृषि शाखा संग समन्वय गरेर मात्र संचालन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तालिमको प्रत्येक वर्षमा समिक्षा गर्नुपर्नेछ ।

(३) उपनियम १ र २ बमोजिमको तालिमको आयोजना सम्बन्धीत उपभोक्ता समिति वा संस्थाले आयोजना गर्नुपर्नेछ । सो तालिमका लागि प्रशिक्षक र खाजा खर्च आवश्यक भएमा गाउँपालिका संग माग गर्न सक्नेछन ।

(४) उपनियम १ बमोजिको तालिम संचालन गर्दा तालिममा सहभागीहरुले खाजा नास्ता र स्टेशनरी खर्च बाहेक अरु कुनै किसिमको भत्ता सेवा सुविधा उपलब्ध हुने छैन ।

## परिच्छेद- ९

**२७) सिंचाई उपभोक्ता समितिको विधानमा खुलाउनु पर्ने विवरणहरु :**

(क) पूरा नाम र ठेगाना र संस्थाको छाप

(ख) उद्देश्य तथा कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निष्काशन राजिनामा

(ङ) हक दावी नामासारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी )

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(ञ) कार्यकारी सदस्य र कृषि उपसमिति

(ट) वित्तिय र स्रोत परिचालन

(ञ) कोष र लेखापरिक्षण

(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी

(ठ) दण्ड जरिवाना सम्बन्धी

(ड) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम

(ढ) विधान संशोधन

(ण) विघटन

(त) विविध

२८. समितिको विघटन र त्यसको परिणाम :

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंस समिति विघटन भएमा अथवा सिंचाई उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्ग बनाएमा नेपाल सरकारको सिचाई निति २०७०, सिंचाई नियामावली २०५६, र यस यस गौमुखी गाँउपालिकाको जलस्रोत व्यवस्थापन ऐन २०८० " अनुसार काम नगरेमा गाउँपालिकाले जुनसुकै बेला पनि उक्त समिति विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म नियम अनुसार त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

**२९ प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन**

१) उपलब्ध स्रोत, संरचना र प्रविधिको प्रभावकारी उपयोग गर्नुको साथै सीमान्त कृषि भूमिमा समेत सिंचाइ सुविधा विस्तारका लागि भूमिगत तथा सतह जलस्रोतको संयोजनात्मक उपयोग एवं फोहरा, थोपा सिंचाइ, ताल तलाउ तथा पोखरी जस्ता आधुनिक प्रणालीको विकास र विस्तार गर्न प्रोत्साहान गर्नुपर्नेछ।

२) गौमुखी गाउँपालिकाको विद्यमान सिंचाइ विकास, बिस्तार र व्यवस्थापन सम्बन्धी अनुभव र सीपलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न संवन्धित सिंचाइ उपभोक्ता संग समन्वय गरिनेछ। साथै सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा तालिम, अनुसन्धान र कार्यक्षमताको संस्थागत विकासमा सहयोग पुऱ्याइनु गर्नुपर्नेछ।

३ सबै किसिमका आयोजनामा नयाँ प्रविधिको विकास र क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई संघ, प्रदेश र उपभोक्ता समिति तथा अन्य सहयागी निकायहरु संग समन्वय र कार्यान्वयन गर्नुपर्नेछ।

४. नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको उपयोगमा व्यापकता ल्याउनको लागि प्रत्येक विकास क्षेत्रमा सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

**३०. सेवा शूल्क निर्धारण** : संघ, प्रदेश सहयोगी निकाय र यस गाउँपालिकाबाट विकास तथा संचालन गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको आयोजनाबाट उपभोक्ताले सेवा उपभोग गरे बापतको सेवा शुल्क अनिवार्य रुपमा निर्धारण गर्नु पर्नेछ। उक्त सेवा शुल्क निर्धारण गर्दा गाउँपालिकाको प्रतिनिधि अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ। उक्त लिएको सेवा शुल्क सिंचाई आयोजना मर्मतमा खर्च गर्न गरिनेछ।

**खण्ड - घ**

**परिच्छेद - १०**

**लघुविद्युत उपभोक्ता सम्बन्धी**

३१) लघुविद्युत उपभोक्ता समितिको विधानमा कम्तीमा निम्नानुसार खुलाउनु पर्ने विवरणहरु :

(क) पूरा नाम र ठेगाना र संस्थाको छाप

(ख) उद्देश्य तथा कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क
(घ) सदस्यको निष्काशन राजिनामा
(ङ) हक दावी नामासारी वा हकवालाको मनोनयन
(च) साधारण सभा सम्बन्धी
(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)
(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था
(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि
(ञ) वित्तिय र स्रोत परिचालन
(ट) कोष र लेखापरिक्षण
(ठ) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी
(ड) दण्ड जरिवाना सम्बन्धी
(ढ) संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम
(ण) विधान संशोधन
(त) विघटन
(थ) विविध

**३२. जलविद्युतको लागी जलस्रोतको उपयोग** :१) दफा १२ मा जुनसुकै कुरा लेखिएको भएता पनि १ मेगावाट ( १००० वाट) सम्म क्षमताको जलविद्युत उत्पादनको गर्नको लागी गौमुखी गाउँपालिका कार्यालयवाट र सो भन्दा वढी क्षमताको जलविद्युत उत्पादनको गर्नको लागी जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन वमोजिम हुनेछ।

३३. जलविद्युत सम्बन्धी अन्य व्यवस्था : जलविद्युत सम्बन्धी मापदण्ड तयार गरी सोहि बमोजिम हुनेछ।

## खण्ड - ङ

## परिच्छेद- ११

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**३४. सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन वा यस ऐन अन्तरगत वनेको नियम उलंघन गरेमा निजलाई गौमुखी जलस्रोत व्यवस्थापन समितिको सिफारिसमा गौमुखी गाउँकार्यपालिकाले रु ५०० देखि ५००० हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजवाट त्यस्तो हानी नोक्सानी वापतको क्षेतिपुर्ति भराई दिन सक्नेछ।

(२) कसैले यस ऐन वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले रु ५०० देखि ५००० हजार रुपैया सम्म जारिवाना गर्न र त्यस्तो काम वन्द गराउन सक्नेछ।

(३) यस ऐन वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतवाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजवाट विगो असुल गरी निजलाई विगो वमोजिम जारिवाना समेत गर्न वा अपराध अनुसन्धानको लागी लेखि पठाउन सक्नेछ।

(४) कसैले वदनियत साथ कुनै जलस्रोतको मुहान, वाध नहर,वा जलस्रोतको उपयोग सित सम्बन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुयाएमा वा त्यस्तो काम गर्ने

उद्योग गरेमा निजवाट हानी नोक्सानी गरेको भनि सम्बन्धीत उपभोक्ताबाट कारवाहीको लागी निवेदन आएमा हानी नोक्सानीको विगो असुल गरी निजलाई थप कारवाहीको प्रक्रिया अघि बढाई जिल्ला अदालतमा पठाइनेछ।

**३५. मुद्धा सम्वन्धी व्यवस्था :** दफा ३४ को उपदफा (४) वमोजिमको सजाय हुने कसुर सम्वन्धी व्यवस्था संघिय कानुन संग बाँझिएमा सोही संघिय कानुन वमोजिम हुनेछ।

**३६. पुनरावेदन सम्वन्धी व्यवस्था** : यस ऐन वमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी गाउँ कार्यपालिकावाट कार्वाही भएकोमा चित्त नवुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र गौमुखी  गाउँपालिकाको न्यायायिक समितिको सचिवालयमा पुनरावेदन गर्न सक्नेछ।

**खण्ड – च**

**विविध**

**परिच्छेद-१२**

**३७.जलस्रोत उपयोग जाँचबुझ गर्न सक्ने** : (१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत व्यवस्थापन समितिले आवश्यक जांचवुझ गरी त्यस्तो विवाद समाधान गर्न सक्नेछ।

**३८.दर्ता तथा नवीकरण शुल्क :** (१) यो ऐन लागू हुँदाको बखत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता शुल्क रु १००० । र नवीकरण शुल्क रु ५००। हुनेछ। साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा ऐन लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा अनुसूची २ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ।

(२) यो ऐन लागू हुँदाको बखत सिंचाई उपभोक्ता समिति दर्ता शुल्क रु १००० र नवीकरण शुल्क रु ५००। हुनेछ। साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा ऐन लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा अनुसूची २ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ।

(३) यो ऐन लागू हुँदाको बखत लघुजल विद्युत उपभोक्ता समिति दर्ता शुल्क ३००० र नवीकरण प्रति किलोवाट शुल्क रु १५० । हुनेछ। साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएको भए सो समितिको हकमा ऐन लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा अनुसूची २ मा उल्लेख भए अनुसार जरिवाना लाग्नेछ।

(४) व्यक्तिगत प्रयोजनको (पानी घट्ट मिल, अन्य व्यक्तिगत संग सम्बन्धीत कामको लागी मुहान सहित आधिकारिक उपभोक्ता समिति दर्ता गरिने छैन। त्यस्ता प्रयोजनको लागी बढिमा आर्थिक बर्षको मसान्त सम्मा अवधि रहनेगरी काम गर्न अनुमति पत्र मात्र दिइनेछ। उक्त अनुमति पत्र शुल्क रु १०० लाग्नेछ।

(५) उपनियम ४ बमोजिम व्यक्तिगत प्रयोजनकको लागी लिएको अनुमति पत्रको म्याद समाप्त भएमा पपुर्ण फेरी लिनुपर्नेछ।

(६) उपनियम १, २ र ३ बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्कमा प्रत्येक आर्थिक वर्ष जलस्रोत व्यवस्थापन समिति र राजश्व परामर्श समितिको निर्णयानुसार गाउँपालिकाले हेरफेर गरेमा सोही बमोजिम हुनेछ।

(७) उपनियम १, २ र ३ बमोजिमका संस्था तथा उपभोक्ता समिति दर्ता गर्नका लागी गाउँपालिका अध्यक्ष समक्ष अनिवार्य रुपमा निवेदन सहित दुई प्रति विधान पेश गर्नुपनेछ। उक्त संस्था तथा उपभोक्ता समितिको विधानको नमुना यस गाउँपालिकाबाट उपलब्ध गराइनेछ।

(८) उपनियम ७ बमोजिमको उपभोक्ता संस्थाको विधानको नमुना लिनलाई तपशिल अनुसारको शुल्क लाग्नेछ

क) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान नमुना एक प्रतिको रु २०० लाग्नेछ।

ख) सिंचाई उपभोक्ता समितिको विधान नमुना एक प्रतिको रु २०० लाग्नेछ।

ग) लघु जलविद्युत उपभोक्ता समितिको विधान नमुना एक प्रतिको रु २०० लाग्नेछ।

**३८. सेवा रोक्न सक्ने :** निजि तथा व्यवसायिक परियोजनको लागी संचालित योजनाको सेवा उपभोग गरे वापत वुझाउनु पर्ने शुल्क नवुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ।

**३९. जलस्रोत संरचनाको सुरक्षा** : (१) जलस्रोतको उपयोग सित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागी अनुमतिपत्र प्राप्त व्यक्तिले वा समितिले गर्नुपर्नेछ। यदि सो सम्बन्धी आवश्यक सहजिकरणको लागी निवेदन आएमा वा स्वयं गाउँपालिकाको विचारमा त्यस्तो सुरक्षा गर्न आवस्यक ठानेमा गाउँपालिकाले आवश्यक प्रवन्ध गर्न स्थानीय प्रसासनलाई पत्र लेखि पठाउन सक्नेछ।

**४०. जलस्रोतलाई प्रदुषित गर्न नहुने :** (१) गौमुखी गाउँपालिका भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न हुदैन।

(२) उपनियम १ बमोजिम जलस्रोत प्रदुषण गरेको पाइएमा जलस्रोत व्यवस्थापन समितिको निर्णयानुसार कारवाही गरिनेछ।

**४१. वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :** गौमुखी गाउँपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भु–क्षय, वाढी, पहिरो, वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ।

**४२. इजाजतपत्रको प्रतिलिपि दिनेः** कसैले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउ भनि निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर रु ३०० लिई इजाजतपत्रको प्रतिलिपि दिइनेछ।

**४३. प्रचलित कानुन बमोजिम हुनेः** संङघिय र प्रदेश कानुन संग नबाँझिएको खण्डमा यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**४४. विधान संशोधन** : उपभोक्ता समिति अथवा संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संसोधनको प्रकृया पूरागरी तयार गरिएको विधानको संशोधित मस्यौदा गौमुखी
गाउँपालिका जलस्रोत व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र जलस्रोत व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

**४५. दरखास्त उपर जाँचबुझ :** ( १ ) नियम १२ बमोजिम दरखास्त प्राप्त भएपछि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा जलस्रोत व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ। साथै उक्त दरखास्त उपरमा कुनै व्यक्ति वा संस्थाको उक्त मुहानमा हक दावी छ कि छैन भनि बुझ्नका लागी स-प्रमाण सहित दावी विरोध गर्न भनि ७ दिनको सुचना प्रकाशित गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्त वालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत व्यवस्थापन समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद राखी दरखास्त दर्ता भएको मितिले १५ दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

**४६. दुर्घटनाको सूचना :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति संस्थाले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा जलस्रोत व्यवस्थापन समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन जलस्रोत व्यवस्थापन समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था गर्न आदेश दिन
सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

परिच्छेद – १३

**४७. समिति संगठित मानिने :**

(१) यस ऐन अन्तर्गत दर्ता भएको समिति, स्वशासित एंव संगठित र अविछिन्न उत्तराधिकारवाला समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

**४८. उपभोक्ता समितिको / संस्थाको सम्पत्ती :**

(१) संस्थाको चल अचल सम्पतीको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ। समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेकोमा कानुनी उपचारको लागी सहजिकरण खोजेमा आवश्यक सहजिकरण जलस्रोत व्यवस्थापन समितिले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले न्यायिक निकायमा पुनरावेदन गर्न सक्नेछ।

**४९. समितिको कार्यकाल र उदेश्य हेरफेर :**

(१) समितिको कार्यकाल निर्वाचन भएको मितिले ३ बर्षको हुनेछ। समितिले आफ्नो कार्यकाल सकिएको मितिले. ३ महिना भित्र निर्वाचन गराईसक्नु पर्नेछ। साथै समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ। तर, सो प्रस्ताव लागु गर्न गाउँपालिका जलस्रोत व्यवस्थापन समितिको पूर्व स्वीकृत लिनु पर्नेछ।

**५०. तदर्थ समिति गठन गर्न सकिने:** - ( १ ) नियम ४९ को उपनयिम १ बमोजिम म्याद सकिएका उपभोक्ता समितिहरुले ३ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमित गर्न गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिले सम्वन्धित उपभोक्ता सदस्यहरु मध्ये बाट तदर्थ समिति गठन गरी उक्त समितिलाई निर्धारित समय भित्र साधारण सभा र निर्वाचन समेतका आवश्यक प्रकृया र कारवाही गर्न गराउन जिम्मेवारी दिन सक्नेछ।

(२) यस अघि जिल्ला जलश्रोत समितिमा दर्ता भइ संचालनमा रहेका, तर ऐन लागू हुनु भन्दा अगावै म्याद समाप्त भएका उपभोक्ता समितिको हकमा यो ऐन लागू भएको मिति देखि ३ महिना भित्र अनिवार्य रुपमा निर्वाचन गरी गाउँपालिकामा दर्ता गर्नुपर्नेछ। सो अनुसार निर्वाचन गरी दर्ता हुन नसकिएमा उपनियम १ बमोजिम हुनेछ।

**५१. हिसाबको विवरण पठाउनु पर्ने** : उपभोक्ता समितिले आफ्नो समितिले बार्षिक रुपमा हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन अथवा सामाजिक लेखापरीक्षण सहित प्रत्येक
बर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिना भित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

**५२. हिसाब जाँच गर्ने :**

(१) हिसाब जाँच गर्न प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा उपभोक्ता समितिको हिसाव आफुले तोकेको कुनै कर्मचारीद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी क्षतिपूर्ति समेत गराउन लगाउन सक्नेछ।

(३) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने कर्मचारीले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ।

परिच्छेद - १४

**५३. निर्देशन दिने :** गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ।

**५४.दण्ड सजाय :**

दफा १२ बमोजिम दर्ता तथा नविकरण नगराई समिति स्थापना गरेमा वा दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैया सम्म
जरिवाना गर्न सक्नेछ।

**५५. समितिको विघटन र त्यसको परिणाम :**

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंस समिति विघटन भएमा अथवा जलस्रोत उपभोक्ता समितिले आफुले बनाएको विधान अनुसार काम नगरेमा र आयोजना भताभुङ्घ बनाएमा, नेपाल सरकारको खानेपानी ऐन २०५०, खानेपानी नियामावली २०५५, खानेपानी बोर्ड ऐन २०६३, सिंचाई निति २०७०, सिंचाई नियमावली २०५६ र यस गौमुखी  गाँउपालिकाको जलस्रोत व्यवस्थापन ऐन २०८०"अनुसार काम नगरेमा गाउँपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिले जुनसुकै बेला पनि उक्त समिति विघटन गर्न सर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म नियम अनुसार त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

**५६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयनमा हेरफेर गर्न परेमा गाउँपालिकाले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका र मापदण्ड लगायतका नियम बनाउन सक्नेछ।

**५७. विशेष अवस्थामा तदर्थ समिति गठन गर्न सकिने :** समितिको आफ्नो विधान अनुसार तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा, समितिको पदावधि हुँदाहुँदै पनि विविध कारणवश योजना संचालन हुन नसकी योजना भताभुङ्ग हुने देखिएमा र जलस्रोत उपभोग गर्ने उपभोक्ता मध्येबाट ५१ प्रतिशत उपभोक्ताले समतिलाई बदल्ने भनि लिखित निवेदन दिएमा उक्त

कार्यसमिति विघटन गरी आयोजना संचालन गर्नका लागी गाउँपालिकाले तदर्थसमिति गठन गर्न सक्नेछ, जुन तदर्थ समितिले नियम ५० (१) बमोजिमका कार्य गर्नेछ।

**५८. बाधा अडकाउ सम्बन्धी :**

यो ऐन कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस ऐनको भावना प्रतिकुल नहुने गरि गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

**५९. थपघट, हेरफेर वा संशोधन :**

(१) गाउँसभाले यस ऐनलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) गाउँसभाले उपनियम (१) बमोजिम ऐनमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सुचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ।

**६०. यसै बमोजिम भए गरेको मानिने :**

यो ऐन स्वीकृत हुनुपुर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै ऐन अनुरुप भए गरेको मानिनेछ साथै जल व्यवस्थापन ऐन लागु हुनु पूर्व जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० अन्तर्गत दर्ता भएका समिति यस गाउँपालिकामा नविकरण भएमा यसै ऐन बमोजिम दर्ता भए सरह मानिनेछन।

आज्ञाले,
तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत